# औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम उद्योगको वर्गीकरण

## क) लघु उधम : अनुमति लिनुपर्ने उद्योग वाहेक देहायका उद्योगलाई लघु उधम मानिनेछ ।

* घर जग्गा बाहेक बढीमा बीस लाख रुपैया सम्मको स्थिर पुंजी भएको,
* उद्यमी स्वंय उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
* उद्यमी सहित बढीमा ९ जना सम्म कामदार रहेको,
* वार्षिक कारोवार एक करोड रुपैंया सम्म रहेको,
* ईञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा ईञ्जिन,उपकरण वा मेसिनमा खपत हुने विद्युतीय उर्जा, ईन्धन वा अन्य तेल ईञ्जिनको क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको,

## ख) घरेलु उद्योग : देहायको उद्योगलाई घरेलु उद्योग मानिनेछ ।

* परम्परागत सीप र प्रविधिमा आधारित,
* श्रममुलक र खास सिप वा स्थानिय कच्चा पदार्थ एवं स्थानिय प्रविधि,कला तथा संस्कृतिमा आधारित
* ईञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाट समको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको,

**ग) साना उद्योग : लघु उधम र घरेलु उद्योग वाहेक पन्ध्र करोड रूपैया सम्म स्थिर पुंजी भएको उद्योग ।**

**घ) मझौला उद्योग : पन्ध्र करोड रुपैयाभन्दा बढी पचास करोड रूपैया सम्म स्थिर पुंजी भएको उद्योग ।**

**ङ) ठुला उद्योग : पचास करोड रुपैयाभन्दा बढी स्थिर पुंजी भएको उद्योग ।**